नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

## रविभवन, कालीमाटी, काठमाण्डौ

फोन नं ४२७२७५६, ४२७१०२८,४२७००७३

**प्रथम पटक प्रकाशित मिति २०७६/०५/१७**

## सम्पर्क अधिकृतको अनुस्थापन तालीम सम्वन्धी सूचना

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७६।०५।१५ को निर्णयानुसार यस प्रतिष्ठान र नेपाल पर्वतीय प्रतिष्ठानबाट संयुक्त रुपमा पर्वतारोहण टोलीका साथ खटिने सम्पर्क अधिकृतको अनुस्थापन तालीम २०७६ असोज ५ गते विहान ७:०० वजे देखि यस प्रतिष्ठानमा सञ्चालन हुने भएकोले तालीममा सहभागी हुन इच्छुक स्नातक उत्तिर्ण निजामती सेवाका राजपत्र अनङ्कित प्रथम श्रेणी देखि राजपत्राङ्कित द्बितीय श्रेणी सम्मका कर्मचारी वा निजामती सेवाका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत सरहका नेपाली सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरीका अधिकृत कर्मचारी वा प्रवेशिका परीक्षा उत्तिर्ण भएका सगरमाथा हिमालचुलीको सफल आरोहण गरेका नेपाली आरोहीमध्ये संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेको आरोहण सम्वन्धी संस्थाले सिफारिस गरेको आरोहीले पर्वतारोहण सम्वन्धी नियमावली, २०५९ को नियम ८ को उपनियम १ को खण्ड (क), (ख) र (ग) बमोजिम तोकिएको योग्यताका प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी तथा विभागीय सिफारिस र तालीम शुल्क रु . ५,१००।- (पाँच हजार एक सय रुपैया मात्र) सहित सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदन फारम भरी यस प्रतिष्ठानमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । यस प्रतिष्ठानको Website www.nathm.edu.np बाट आवेदन फारम डाउनलोड गर्न वा यस प्रतिष्ठानबाट प्राप्त गर्न सकिनेछ ।